जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०७९ | २०८२ साल असोज २७ गते सोमवार | Monday-13-October-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## मनोपलि विद्यालय बन्द गरेपछि प्रधानध्यापक लाई २४ घन्टा स्पष्टीकरण

***उपेन्द्र पासवान***
***बारा, २६ असोज***

देवताल गाउँपालिकाअन्तर्गत रहेका विद्यालयले पालिकालाई कुनै जानकारी नदिई र बिना सुचना विद्यालय बन्द गरेपछि गाउँपालिकाले विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई कारवाही गरेको छ। गाउँपालिकाले विद्यालय बन्द गरेपछि कारवाही स्वरुप सम्पुर्ण शिक्षक तथा कर्मचारीहरुको तलब, भत्ता कट्टा गरेको जनाएको छ ।

आईतबार सुचना जारी गर्दै गाउँपालिकाले वडा नं ४ पिप्राढी स्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयले बिना सुचना असोज २६ गते विद्यालय बन्द गरेको जनाएको हो । गुनासो बढे पछि अनुगमन गर्दा विद्यालय बन्द भएपछि विद्यार्थीहरु विद्यालय पोसाकमै सांस्कृतिक कार्यक्रममा भेटिएको गाउँपालिकाले जनाएको छ ।



त्यससँगै सम्बन्धित विद्यालयका प्रधानध्यापक लाई २४ घण्टाभित्र शिक्षा शाखामा लिखित स्पष्टीकरण पेश गर्न पनि निर्देशन दिइएको गाउँपालिकाले जनाएको छ ।

## तस्करलाई छुट र सर्वसाधारणलाई दुःख दिएको भन्दै स्थानीयद्वारा प्रदर्शन

***शु.आ.सम्बाददाता***
***रौतहट, २६ असोज***

जिल्लाको सदरमुकाम गौरस्थित भन्सार नाकामा सशस्त्र प्रहरी बल र स्थानीय सर्वसाधारण बीच चर्को विवाद उत्पन्न भएको छ । सशस्त्र प्रहरीले तस्करहरूलाई रकमको चलखेलमा छुट दिने र दैनिक उपभोग्य वस्तुहरू ल्याउने सर्वसाधारणलाई भने दुर्व्यवहार तथा कुटपिट गर्ने गरेको आरोप लगाउँदै स्थानीय बासिन्दाले सशस्त्र प्रहरीको गुल्म क्याम्प घेराउ गरेका छन् । शनिबार गए राति करिब ८ बजेको समयमा सयौंको सङ्ख्यामा भेला भएका स्थानीयले गौर भन्सार कार्यालय अगाडि रहेको सशस्त्र प्रहरीको क्याम्प घेराउ गर्दै चर्को नाराबाजी र प्रदर्शन गरेका थिए । प्रदर्शनकारीले सीमा सुरक्षामा खटिएका प्रहरी जवानहरूले आफ्नो जिम्मेवारी छाडेर अवैध धन्दामा लागेको र गरिब सर्वसाधारणलाई दुःख दिँदै तस्करहरूको संरक्षण गरेको आरोप लगाएका छन् ।

***विवादको मुख्य कारण:***

स्थानीयका अनुसार, सशस्त्र प्रहरीका केही जवानले नाकाबाट हुने चोरी तस्करीलाई नियन्त्रण गर्नुको सट्टा तस्करहरूलाई सहज रूपमा सामान वारपार गर्न सहयोग गर्ने गरेका छन् । यसका लागि ठूलो रकमको चलखेल हुने गरेको उनीहरूको दाबी छ ।

अर्कोतर्फ, भारतबाट न्यून मात्रामा घरखर्चका लागि दैनिक उपभोग्य समान (जस्तैः नुन, तेल, तरकारी) ल्याउने सर्वसाधारणलाई भने अनावश्यक केरकार गर्ने, सामान खोस्ने र



कहिलेकाहीँ शारीरिक रूपमा कुटपिट समेत गर्ने गरेको घटनाले स्थानीयहरू आक्रोशित बनेका हुन्। शनिबार साँझ पनि यस्तै किसिमको दुर्व्यवहारको घटना भएपछि स्थानीयवासीको धैर्य टुट्न पुगेको बताइएको हो ।

***रातिभर तनाव:***

क्याम्प घेराउ भएपछि सो क्षेत्रमा रातिभर तनावग्रस्त स्थिति उत्पन्न भएको थियो । प्रदर्शनकारीले प्रहरी गुल्मको मुख्य गेटमा भेला भई नाराबाजी जारी राखेका थिए । उनीहरूले दोषी सशस्त्र प्रहरी जवानहरूलाई कारबाही गर्नुपर्ने र सीमा नाकामा सर्वसाधारणलाई दुःख दिने कार्य तत्काल रोक्नुपर्ने माग राखेका छन् । परिस्थिति नियन्त्रणमा लिन नेपाल प्रहरी र थप सशस्त्र प्रहरीको टोली समेत परिचालन गरिएको थियो । राति अबेरसम्म पनि स्थानीय प्रतिनिधि र सुरक्षा अधिकारीहरू बीच वार्ताको प्रयास जारी रहेको थियो ।

***सुरक्षा निकायको भनाइ:***

यस विषयमा सशस्त्र प्रहरीका वरिष्ठ अधिकारीहरूसँग सम्पर्क गर्दा उनीहरूले आरोपका सम्बन्धमा छानबिन गरिने बताएका छन् ।

जिल्ला प्रशासन कार्यालयले सीमा नाकामा सुरक्षाकर्मी र स्थानीयबीच समन्वय कायम गरी सहज वातावरण बनाउन पहल गरिरहेको जानकारी दिएको छ। यद्यपि, स्थानीयहरूले भने विगतमा पनि यस्ता आश्वासन मात्र आउने गरेको भन्दै ठोस कारबाही नभएसम्म आन्दोलन नरोक्ने चेतावनी दिएका छन् ।

***निष्कर्ष:***

गौर भन्सार नाकाको यो घटनाले सीमा क्षेत्रमा सुरक्षाकर्मी र स्थानीय समुदायबीचको सम्बन्धमा देखिएको दरार लाई उजागर गरेको छ। तस्करी नियन्त्रणको नाममा सर्वसाधारणलाई दुःख दिने र ठूला तस्करहरूलाई छुट दिने प्रवृत्तिले नै यो विवाद निम्त्याएको स्थानीयको बुझाइ छ। घटनाले सीमा व्यवस्थापन र सुरक्षा निकायको आचरणमाथि गम्भीर प्रश्न उठाएको छ ।

नेपाल सरकार
मधेश प्रदेश
**श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय मलाही टोल (बारा)**

पत्र संख्याः-
चलानी नं:-

बारागढी गाउँपालिका-२
स्था.: २०५१

मितिः .........................

**विषयः-** राहत शिक्षक पदमा शिक्षक आवश्यकता सम्बन्धी दरखास्त आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०८२।०६।२७

श्री.....................................

.......................

यस श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०६।२४ गतेको निर्णय अनुसार तपसिल वमोजिमको तह तथा विषयमा खुल्ला प्रतियोगितात्मक परीक्षा मार्फत प्राथमिक तहको राहत शिक्षक पदमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्य दक्ष तथा इच्छुक नेपाली नागरिकहरुले देहाय वमोजिमको शर्तहरुको अधिनमा रही सुचना प्रकाशन भएको मितिले १६ दिनभित्र यस विद्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १२६०१००००३४०४००१ मा तोके बमोजिमको राजस्व दाखिला गरेको बैंक भौचर सहित रीत पूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारम यस विद्यालयमा प्राप्त गर्न सकिनेछ । साथै म्याद नाघिसकेपछि प्राप्त भएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**१.पदको विवरण:**

| क.स. | विज्ञापन न. | पद | तह | सेवा | माग संख्या | परिक्षा दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०१/२०८२-०८३ | राहत शिक्षक | प्राथमिक | करार | १ | ७५०।- | १८ वर्ष पुरा गरेको ४० वर्ष ननाघेकोले मात्र दरखास्त दिन पाउने । |

२. **आवश्यक न्यूनतम योग्यता :**
क. +२ वा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको ।
३ **आवश्यक कागजातहरु :**
क.नेपाली नागरिकताको फोटोकपी
ख.हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
ग.शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरु (माथिल्लो योग्यता छ भने सो समेत)
घ.अध्यापन अनुमतिपत्रको प्रतिलिपि
४. शिक्षक सेवा आयोगको बैकल्पिक र करार सुचीमा रहेका उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ ।
५ **परीक्षाको किसिमः लिखित, मौखिक**
६ परीक्षाको पाठयक्रमः शिक्षक सेवा आयोगको नँया पाठयकम अनुसार ।
७. लिखित तथा मौखिक परीक्षाको मिति तथा समय पछि तोकिनेछ ।
८. तलब स्केल : नेपाल सरकारको निर्णयानुसार ।
९. दरखास्त दिने अन्तिम मितिः २०८२।०६।११ गते सम्म वा सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको पहिलो दिन
१०. सम्पर्क स्थानः श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय बारागढी २ मलाही
सम्पर्क नं. ९८२५२४९०४०, ९७६५८५८५८१

प्रधानाध्यापक

## रौतहटमा जग्गाको विषयमा दुईपक्षबीच विवाद, एक जनाको मृत्यु,

***कृष्ण तिवारी / रूपेश यादव***
***रौतहट, २६ असोज***

रौतहटमा जग्गाको विषयलाई लिएर दुई पक्षबीच विवाद भई कुटाकुट हुँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको फतुवा विजयपुर नगरपालिका -२ सितलपुरका ६० वर्षीय शंकर साह बनिया रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले दिएको जानकारी अनुसार जग्गाको विषयलाई लिएर आइतबार दिउँसो स्थानीय शंकर साह बनिया र कपिलदेव यादव पक्षबीच विवाद भएको थियो । दुबै पक्षबीच विवाद भई कुटाकुट हुँदा शंकर साह बनियाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका इन्स्पेक्टर रामकुमार महतोले बताएका छन् । कपिलदेव यादव पक्षले निर्घात कुटपिट गर्दा शंकर साहको मृत्यु भएको इन्स्पेक्टर महतोले बताए ।

सो क्रममा शंकर साह पक्षले गरेको आक्रमणमा परेर कपिलदेव यादवको श्रीमती ४० वर्षीया मिना देवी घाइते भएकी छिन्। उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

मृतक शंकर साह बनियालाई कुटपिट गर्ने स्थानीय कपिलदेव यादव, ब्रह्मदेव यादव, विनोद भन्ने हरदेव यादव र ब्रह्मदेवका छोरा सुरेश यादव हाल फरार रहेको तथा उनीहरूको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

घटना हुनेबित्तिकै इलाका प्रहरी कार्यालय विजयपुर लक्षमिनियाका इन्स्पेक्टर सुरेन्द्र यादवको कमाण्डमा गएको प्रहरी टोलीले घाइते भएका शंकर साहलाई उद्धार गरी उपचारका लागि एल एस न्यूरो हस्पिटल वीरगन्ज पठाएका थिए ।

तर कुटपिटबाट गम्भीर घाइते भएका साहको उपचारको क्रममा दिउँसो साढे १ बजे मृत्यु भएको थियो ।

घटना बारे थप अनुसन्धान भइरहेको र घटनामा संलग्नहरुको खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा**

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

# मजदुरको मनोबल बढाऊ

नेपाली अर्थतन्त्रको आधार कृषिमा टेकेको छ । कुल जनसंख्याको ठुलो हिस्सा कृषिमा निर्भर छ । तर कृषिमा काम गर्नेहरु चाहे कृषक हुन चाहे मजदुर दुवैको दैनिकी दयनीय छ । एउटा उदाहरण हो- चिया मजदुरको अवस्था । राष्ट्रिय समावेशी आयोगले चिया श्रमिकको सम्बन्धमा गरेको अनुगमन प्रतिवेदनअनुसार नेपालमा १८ बढी परिवार चिया खेतीमा छन् । यो खेतीमा सञ्चालक/परिवारको सदस्य १८ हजार १ सय ८० छ । ज्याला लिएर काम गर्ने स्थायी कामदार ३ हजार २ सय ४४ जना र अस्थायी कामदार ३० लाख ८५ हजार २ सय ८४ छन् । यति ठुलो संख्याले रोजगारी पाउँदा समेचत खुसी साट्न सकिने अवस्था छैन । किनभने चिया मजदुरहरु न्यूनतम ज्याला समेत पाउँदैनन् । प्रतिवेदनले औंल्याएअनुसार उनीहरुको श्रमिकको आवासको स्थिति कमजोर छ । पानी चुहिने घरमा बस्छन् । काम गर्ने ठाउँमा शिशु स्याहार केन्ऽ छैन । विषादी प्रयोग गर्दा मापदण्डअनुसारको ब्यक्तिगत सुरक्षा सामग्रीको न्यून प्रयोग हुन्छ । यसले मजदुर स्वयंको स्वास्थ्य खराब भइराखेको हुन्छ । एकातिर कम पारिश्रमिक पाउनु अर्कोतिर दिगो रोगको सिकार हुनुपर्ने यो अवस्था अन्त्य हुन जरुरी छ । नेपालमा कति नेपाली कुन पेसा, वर्ग र क्षेत्रमा छन्, कस्तो अवस्थामा दैनिकी गुजारिरहेका छन् भन्ने ख्याल गर्नु राज्यको पहिलो दायित्व हो । किनभने पसिना बगाउने मजदुरहरुले देशको मेरुदण्ड हुन् । तर तिनै मजदुरहरुको योगदानको सही मूल्यांकन हुन सकेको छैन । न्यूनतम ज्याला पाउन पनि संघर्ष गर्नुपर्ने अवस्थाले उनीहरुमा मनोबल घट्नु स्वाभाविक हो । मजदुरको मनोबल घट्दा त्यसको प्रत्येक्ष असर उत्पादनशीलतामा पर्छ । जुन समाजमा कामदार निराश छन्, त्यो समाज अगाडि बढ्न मुस्किल हुन्छ । कृषि, उद्योग र ब्यापार क्षेत्र वा समग्र विकास गर्न कठिन हुन्छ । त्यसैले, आर्थिक समृद्धिको यात्रामा मजदुरको मनोबल उकास्नु पहिलो सर्त हो । कृषिक्षेत्रका मजदुरलाई उचित पारिश्रमिक, सुरक्षित कार्य वातावरण र सामाजिक सुरक्षाको प्रत्याभूति दिन सकिएमा मात्र उनीहरुमा श्रमप्रतिको सम्मान र उत्साह बढ्छ ।

नेपालमा अहिले पनि धेरै मजदुर दैनिक ज्यालादारीमा निर्भर छन् । उनीहरुलाई वर्षभरि काम नपाउने, ज्याला समयमा नपाउने र न्यूनतम दरभन्दा कम पाउने समस्या छ । यसले उनीहरुको जीवनस्तर कमजोर बनाएको छ । जबसम्म मजदुरले आफ्नो श्रमको उचित मूल्य पाउँदैनन्, तबसम्म 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा ब्यवहारमा परिणत हुन सक्दैन । यो नारा साकार पार्ने हो हो मजदुरको मनोबल बढाउनुको विकल्प छैन । यसकारण सरकार र निजी क्षेत्र दुवैले मजदुरको हितमा जिम्मेवार भूमिका खेलून् । न्यूनतम ज्यालाको प्रभावकारी कार्यान्वयन, दक्षता अभिवृद्धि तालिम र कृषि श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्नु वर्तमानको आवश्यकता हो । जब श्रमको सम्मान हुन्छ, तब मात्र मजदुरले हृदयदेखि काम गर्छन्, जसको परिणाम देशको उत्पादन, ब्यापार र समग्र अर्थतन्त्रमा पर्छ । यसकारण सरकारले बुझ्नुपर्छ- मजदुरको मनोबल बढाउनु केवल सामाजिक न्याय मात्रै होइन, यो दीर्घकालीन आर्थिक रणनीति हो । मजदुरको जीवनस्तर सुधार्न सके स्वतः देशको अवस्था सुध्रन्छ ।

# जेन-जी पुस्ता : आकाशदेखि एआईसम्म



डा. गिरी त्रिपाठी

> ***नयाँ पुस्ताको आन्दोलन राष्ट्रिय सुरक्षा तथा सामाजिक स्थिरताका लागि चुनौतीपूर्ण बन्नेछ ।***

नेपालमा पछिल्लो दशकमा युवापुस्ताको राजनीतिक चेतना र सामाजिक सक्रियता अभूतपूर्व एवं अर्थपूर्ण देखिन थालेको छ । जेन-जेड अर्थात् जेन-जी पुस्ता डिजिटल प्रविधि र सामाजिक सञ्जालसँग जन्मदेखि घुलमिल हुँदै हुर्किएको छ, कोठाबाट विश्व हेर्दै दृष्टिकोण निर्माण गरेको छ । अधिकांश जेन-एक्स र जेन-बुमर्सले जेन-जीको आवाजलाई नजरअन्दाज गर्छ, एक रोमान्सका रूपमा लिन्छ ।

तर, उसैले देशमा नयाँ प्रकारको सामाजिक-राजनीतिक आन्दोलनको उत्पत्ति हुने वातावरण सिर्जना गरिदियो । जुन पुस्ता आफ्नो देश पनि विश्वका समृद्ध देशहरू जस्तो होस् र देश हाँक्ने नेता साँच्चैका देशभक्त, इमानदार र नैतिकवान् हुन् भन्ने चाहन्छ । यो पुस्तामा देशमा विद्यमान भ्रष्टाचार, आर्थिक असमानता, अवसरको अभाव र नेतृत्वमा पारदर्शिताको कमीप्रति असन्तोष र उकुसमुकुस व्यापकरूपमा फैलिएको छ । तिनै युवाभित्रको असन्तोष र उकुसमुकुस भदौ २३ मा अभूतपूर्व किसिमले बिस्फोटित भयो ।

जेहोस्, आन्दोलनले छिट्टै व्यापक जनसमर्थन पायो, ठूलो जनधनको क्षति पनि भयो तर राजनीतिक परिवर्तनको ढोका खोलेरै छाड्यो । जसले तत्कालका लागि सरकार परिवर्तनको नीतिगत प्रभाव त देखा पऱ्यो, तर देशमा भ्रष्टाचार नियन्त्रण र नेतृत्वमा जवाफदेहिताको सुनिश्चितता गर्न खासै परिवर्तन र पहल गरेको देखिँदैन । यसका लागि निरन्तर दबाव र दीर्घकालीन रणनीति आवश्यक छ । पुराना राजनीतिक नेतृत्वका अभिव्यक्ति हेर्दा अझै पनि परिवर्तनका लागि सकारात्मक भएको देखिँदैन । वर्तमान सरकार, पुराना राजनीतिक दल र नेतृत्वले यदि यो जेन-जी आन्दोलनको मर्म र भावनालाई सम्बोधन गर्न नसकेको खण्डमा अब गरिने युवा पुस्ताको आन्दोलन पुराना पुस्ताको मस्तिष्कले अनुमान गर्न नसक्ने किसिमको हुन सक्छ ।

प्रविधि र नयाँ पुस्ताको आन्दोलनको शक्ति : मानव सभ्यताको विकास र यात्रा सधैं विज्ञान र प्रविधिसँगै अगाडि बढेको हुन्छ । तर, विज्ञान र प्रविधिको हरेक आविष्कारको छायाँमा एउटा त्रास सधैं रहिरहेको हुन्छ, त्यो हो 'विज्ञानले बनाएको वरदान कतै ध्वंसको शस्त्र बन्ने त हैन ?' यो प्रश्न अहिलेको डिजिटल युगमा झनै गहिरो र पेचिलो बनेको छ, किनभने जेन-जी पुस्ता प्रविधिसँग जन्मैदेखि घुलमिल हुँदै हुर्किएको पुस्ता हो । यो पुस्ता डिजिटल संसारसँग अभ्यस्त छ, अनि डिजिटल प्रविधि र मिडिया सहज र स्वाभाविक मान्छ । यदि, पुराना राजनीतिक दल र नेतृत्वले आन्दोलनलाई अझै पनि सडकमा प्रदर्शन, नाराबाजी र कागजी पर्चामा सीमित रहेको बुझ्छन् भने यो ठूलो भुल हुनेछ । प्रविधिको विकाससँगै जेन-जी पुस्ताको 'नयाँ क्रान्ति र नयाँ खतरा'लाई आँकलन गर्न पुराना पुस्ता अझै असफल देखिन्छन् । यदि, यिनको चाहना र माग अनुरूप सत्ताधारीहरू परिवर्तन नहुने हो र असमान वैचारिक अवस्था रहिरहने हो भने भविष्यमा हुने आन्दोलन सिर्जनात्मक नभई अकल्पनीय ध्वंसात्मक बाटोतिर जाने खतरा छ ।

परम्परागत सोच र भावी आन्दोलनका स्वरूप : परम्परागत राजनीतिक दल, तिनको शीर्ष नेतृत्व र सुरक्षा निकाय समेतको बुझाइमा आन्दोलनको स्वरूप अझै पनि सडकमा भीड उतार्नु, भाषण दिनु, भित्तेलेखन गर्नु, पर्चा बाँड्नु र प्रशासनसँग वार्ता गर्नु नै हो भन्ने देखिन्छ । तर, जेन-जीले अब हुने आन्दोलनलाई प्रविधिसँग जोडेर साइबर-स्पेस, आकाश र जैविक प्रयोगशालामा समेत लैजान सक्ने क्षमता बोकेका छन् भन्ने कुरा पनि परम्परावादी दल, शासक, राजनीतिक नेतृत्व र सुरक्षा निकायले स्पष्टसँग बुझ्न सकेको देखिँदैन ।

यदि, यस्तै परम्परागत सोच र शैलीमा रहिरहने, आन्दोलनलाई 'सडकमा सीमित शक्ति प्रदर्शन' ठानिरहने हो र जेन-जी पुस्ताको भावना बुझ्न नसक्ने हो भने नयाँ पुस्ताचाहिँ 'अदृश्य आकासे ध्वंसात्मक शक्ति प्रदर्शन' गर्ने बाटोतिर अघि बढ्न सक्छ । यस सम्भावित आन्दोलनको स्वरूपलाई सरकारले बेलैमा बुझ्न नितान्त आवश्यक छ ।

प्रविधिमा आधारित ध्वंसात्मक आन्दोलनका सम्भावित स्वरूपहरू : सडकमा टायर बाल्ने दृश्यभन्दा डरलाग्दो खतरा आज डिजिटल पर्दामा फुसफुसाइरहेको छ । प्रविधिको तीव्र उन्नतिले अब आन्दोलनहरू केवल भौतिक भिडन्तमा सीमित रहने अवस्था छैन– बरु साइबर स्पेसमै युद्धमैदान खडा हुन थालेको छ । सरकारी वेब पोर्टल ह्याक गर्ने, बैंकिङ प्रणाली अवरुद्ध पार्ने, सूचना चुहाउने र भ्रामक समाचारको बाढीमार्फत जनमतलाई विचलित गर्नेजस्ता आक्रमण सम्भावित ध्वंसात्मक स्वरूपका नयाँ अस्त्र बन्दै गएका छन् ।

सामाजिक सञ्जालमा अफवाहको झडप सुरु हुनेबित्तिकै सडकमा भीड आक्रोशित हुन सक्छ, जसले शासन प्रणालीलाई हल्लाउने सामर्थ्य राख्छ । यदि, राज्यले समयमै डिजिटल सुरक्षा बलियो बनाउन सकेन भने भोलिको आन्दोलन इन्टरनेटको स्क्रिनबाटै विस्फोट
हुने सुनिश्चित देखिन्छ ।

सामान्य कल्पना बाहिरका सम्भावित आन्दोलन र ड्रोन हमला : ड्रोनहरू मूलतः कृषि, फोटोग्राफी, आपत्कालीन उद्धारजस्ता क्षेत्रमा उपयोगी प्रविधियुक्त साधन हुन् । तर, ड्रोनलाई यदि ध्वंसात्मक आन्दोलनका लागि प्रयोग गरियो भने यसले भयावह रूप लिन सक्छ । अहिले बजारमा पाइने वा सजिलै निर्माण गर्न सकिने सस्तो व्यावसायिक ड्रोनलाई विस्फोटक वा रासायनिक पदार्थसँग जोडेर आकाशबाट कुनै नेता वा नेताका घर, सुरक्षा निकाय वा यस्तै अन्य आन्दोलनकारीका लक्षित स्थानमा सजिलै किसिमले खसाल्न सक्छन् । कुनै समारोह वा सभास्थलमाथि भयावह 'अदृश्य आक्रमण' गर्न सम्भव छ, जसलाई रोक्न वा पहिल्याउन वा कारबाहीको दायरामा ल्याउन कठिन हुनेछ । ड्रोन हमलाले आन्दोलनकारीको आन्दोलनमा प्रत्यक्ष आमने-सामने हुने दोहोरो भिडन्तबाट 'आकाशबाट हुने रहस्यपूर्ण हमला'मा रूपान्तरण गर्न सक्छ । यो कति भयावह हुन सक्छ भन्ने कुराको आँकलन गर्न सकिँदैन । पुराना पुस्ताका नेतृत्वले अझै पनि जेन-जीका माग वा कुरा सुन्ने र सम्बोधन गर्ने बानी नबसाल्ने हो भने भविष्यमा 'आकाशबाट खस्ने विनाशकारी आन्दोलनको' स्वरूपले विकराल रूप लिन सक्छ ।

एआई-अदृश्य मस्तिष्कको आन्दोलन : एआई अर्थात् कृत्रिम बुद्धिमत्ताले मानिसभन्दा कैयौं गुणा छिटो विश्लेषण गर्ने र निर्णय लिने क्षमता राख्छ । यदि जेन-जीबाट हुने आन्दोलनमा एआई प्रयोग भए साइबर युद्धको खतरा रहन्छ । यसले बैंकिङ प्रणाली ठप्प पार्ने, विद्युत् ग्रिड अवरुद्ध गर्ने वा सम्पूर्ण सहरमा डिजिटल अराजकता मच्चाउने सम्भावना रहन्छ ।

जेन-जी आन्दोलन केवल सडकमा सीमित असन्तुष्टि होइन, प्रविधिको युगमा जन्मिएको नयाँ स्वरूपको चेतावनी हो भन्ने बुझ्न आवश्यक छ। त्यसैले आवश्यक छ, नेतृत्वले युवापुस्ताको मागलाई सम्बोधन गरोस्, प्रविधिको दुरुपयोगलाई रोक्ने व्यवस्था गरोस् र असमानता एवं भ्रष्टाचारलाई कम गर्ने दिशामा दृढतापूर्वक अघि बढोस्।

एआईले सिर्जना गर्ने 'डिप फेक' भिडियो र आवाजले नेताहरू वा देशको सुरक्षा निकायलाई अपमानित वा बदनाम गर्ने, जनतालाई भड्काउने गरेको त थाहै छ । यसले केही सेकेन्डमै बनाउने झुटा प्रमाणसहितको समाचार सम्प्रेषणले समाजलाई क्षणभरमै उथलपुथल पार्न सक्छ । तर, पुराना दल अनि नेतृत्व र सुरक्षा निकायहरूले अझै पनि 'गफगाफ, प्रचार र लेखन'लाई मात्र आन्दोलनको मुख्य साधन ठान्ने र त्यहीअनुसार बुझ्ने हो भने डिजिटल स्पेसमा एआईले जन्माउने अदृश्य आन्दोलनले क्षणभरमै उनीहरूलाई सकाउन सक्छ ।

जैविक प्रविधि आन्दोलन : जैविक प्रविधि मानव हितमा प्रयोग हुँदा उपयोगी भए पनि यसको गलत प्रयोगले आन्दोलनलाई महामारीमा रूपान्तरण गर्न सक्छ । आन्दोलनकारीलाई नजरान्दाज गर्दै चरम दमनमात्र गरियो भने जैविक प्रविधि आन्दोलन ज्यादै खतरनाक र प्रत्युत्पादक विनाशकारी आन्दोलनको स्वरूप लिन पनि नसक्ला भन्न सकिँदैन । यसखाले आन्दोलन सुरुमै हुने सम्भावना न्यून हुन्छ । आन्दोलन 'मार कि मर'को अवस्थामा पुग्यो भने सानो प्रयोगशालामा भाइरस वा ब्याक्टेरियालाई परिमार्जन गरेर सहरभर 'अदृश्य आक्रमण'को रूपमा फैलिने यस्तो जैविक आन्दोलनले राज्यलाई मात्र होइन, आन्दोलनकारी आफैंलाई समेत विनाश गर्नसक्छ । एकपटक फैलिएको जैविक आक्रमण रोक्न कुनै सत्ता वा शक्ति असक्षम रहने सम्भावना बढिरहन्छ ।

विज्ञान प्रविधि संयुक्त आन्दोलनका सम्भावित दृश्य : यदि वर्तमान सरकार र राज्य प्रणालीबाट नयाँ पुस्ताको माग र आन्दोलनको निकास र उनीहरूलाई देश विकासमा संलग्न गराउने सम्भावना, आशा र भरोसा नदेख्ने हो भने निकट भविष्यमै माथि उल्लेख गरिएका प्रविधियुक्त, पृथक् वा संयुक्त मिश्रित आन्दोलन रहस्यमय र विध्वंसात्मक हुन सक्ने देखिन्छ । बेलैमा सजग र सचेत हुन आवश्यक छ । एउटा डिजिटल स्वतन्त्रता, भ्रष्टाचारविरुद्धका लागि भएको आन्दोलनमा त कहिल्यै नदेखेको र कल्पना समेत नगरेको यति धेरै धनजनको क्षति भयो भने अब भविष्यमा हुने आन्दोलन र क्षति त सहजै आँकलन गर्नै सकिन्न ।

अबको युग डिजिटल युग हो र यसले आर्थिक, राजनीतिक पारदर्शिता र सुशासन चाहन्छ भन्ने कुरा नेतृत्व र सत्तामा रहने सबैले हेक्का राख्नुपर्छ । एआई र साइबर ब्ल्याकआउटबाट हुने आन्दोलनले बैंक, यातायात, सञ्चार सबै बन्द गराएर सम्पूर्ण सहरलाई डिजिटल अन्धकारमा डुबाउन सक्छ । जैविक संक्रमण आन्दोलन भए अदृश्य भाइरस वा ब्याक्टेरियाले आन्दोलनलाई महामारीका रूपमा परिणत गर्न सक्छ जुन अन्तिम सम्भावित आन्दोलन हुन सक्छ ।

नयाँ पुस्ताको आन्दोलन : नयाँ पुस्ताको आन्दोलन अत्यन्त भयावह, अप्रत्याशित र राष्ट्रिय सुरक्षा तथा सामाजिक स्थिरताका लागि चुनौतीपूर्ण बन्नेछ । त्यसैले अबको आवश्यकता युवा पुस्ताको मर्म बुझ्ने, पारदर्शिता सुनिश्चित गर्ने, डिजिटल प्रविधि-सक्षम नीति निर्माण गर्ने र दीर्घकालीन रणनीति तयार गर्ने हो, ताकि आन्दोलनलाई सकारात्मक र सिर्जनात्मक दिशामा मार्गदर्शन गर्न सकियोस् । जेन-जी मात्र नभएर जेन वाईपुस्ताको आवाजलाई नजरअन्दाज गरियो भने भविष्यमा ठूलो सामाजिक-राजनीतिक संकट निम्त्याउने खतरा हुनेछ । नेतृत्वले अझै पनि पम्परागत शासन शैलीको निरन्तरता दिने र सोमा विश्वास राख्ने हो भने भविष्यमा नयाँ पुस्ताबाट हुने आन्दोलन केवल 'नारा र सभा'मा मात्र सीमित नभई अदृश्य, ध्वंसात्मक र विज्ञान-प्रविधि आधारित आन्दोलनमा परिणत हुने सम्भावना रहनेछ, जसले सम्पूर्ण समाज र राज्य संरचनालाई चुनौती दिनेछ । त्यसैले सरकार र सुरक्षा निकायहरूले युवा केन्द्रित नीति, योजना र सुधारमार्फत युवापुस्ताको अपेक्षा सम्बोधन गर्न आवश्यक छ, ताकि भविष्यमा हुन सक्ने सम्भावित डरलाग्दा आन्दोलन रोक्न सकियोस् ।

निष्कर्ष : जेन-जी आन्दोलनलाई अझै पनि कमजोर ठानी नेतृत्वले अस्वीकृत गरिरहने हो भने यसले विदेशी हस्तक्षेपको सम्भावना बढाउँछ किनकि डिजिटल असन्तुष्टि र प्रविधिमा-आधारित आन्दोलनको प्रयोगले अन्तर्राष्ट्रिय शक्तिहरूलाई हस्तक्षेप गर्ने अवसर दिन सक्छन् । त्यस्तै, बैंकिङ, सञ्चार, ऊर्जाजस्ता क्षेत्रमा साइबर आक्रमणले सम्पूर्ण अर्थतन्त्र ध्वस्त पार्न सक्छ । डिप फेक, गलत सूचना र डिजिटल प्रचारमार्फत जातीय, धार्मिक वा क्षेत्रीय तनाव भड्काइए आन्दोलनले गृहयुद्धको स्वरूप लिन सक्छ । दीर्घकालीन असन्तोष र ध्वंसात्मक आन्दोलनलाई सम्बोधन नगरेमा राज्य संरचना नै भंग भएर राष्ट्रिय एकता संकटमा पर्न सक्ने खतरा छ ।

यसरी जेन-जी आन्दोलन केवल सडकमा सीमित असन्तुष्टि होइन, प्रविधिको युगमा जन्मिएको नयाँ स्वरूपको चेतावनी हो भन्ने बुझ्न आवश्यक छ । यस विषयलाई गम्भीरतापूर्वक लिएन भने भविष्यमा आन्दोलनले अदृश्य तर ध्वंसात्मक रूप लिन सक्छ, जसको परिणाम केवल सरकार परिवर्तनमा सीमित नहुने, बरु राज्य र समाजको आधारभूत संरचनालाई नै ध्वस्त पार्न सक्नेछ । त्यसैले आवश्यक छ, नेतृत्वले युवा पुस्ताको मागलाई सम्बोधन गरोस्, प्रविधिको दुरुपयोगलाई रोक्ने व्यवस्था गरोस् र असमानता एवं भ्रष्टाचारलाई कम गर्ने दिशामा दृढतापूर्वक अघि बढोस् । अन्यथा, विज्ञान प्रविधिको दुरुपयोगले जन्माउने भावी आन्दोलन मुलुकका लागि कल्पना बाहिरको विनाशकारी हुन सक्नेछ ।

॥।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# बढ्दै पाक-अफगान तनाव : सिमानामा ५८ सैनिक मारिएको दाबी



***पेशावर-*** अफगानिस्तानले आफ्नो भूमि र हवाई क्षेत्रको बारम्बार उल्लङ्घन भएको दाबी गर्दै आइतबार राति सञ्चालन गरिएको सीमा कारबाहीमा ५८ जना पाकिस्तानी सैनिक मारिएको जनाएको छ ।

यसअघि यसै साताको सुरुआतमा अफगान अधिकारीहरूले पाकिस्तानले राजधानी काबुल र देशको पूर्वी भागका बजारहरूमा बम प्रहार गरेको आरोप लगाएका थिए । पाकिस्तानले भने सो आक्रमणको जिम्मेवारी अस्वीकार गरेको छ ।

तालिबान सरकारका प्रमुख प्रवक्ता जबिहुल्लाह मुजाहिदका अनुसार अफगान सेनाले २५ वटा पाकिस्तानी चौकीहरू कब्जा गरेको र यसमा ५८ जना पाकिस्तानी सैनिक मारिएका र करिब ३० जना घाइते भएका छन् । उनका अनुसार अफगान सुरक्षाबलले शनिबार राति पाकिस्तानी सीमा चौकीहरूमा गरेको आक्रमण आफ्नो देशको क्षेत्रीय अखण्डता र सार्वभौमसत्तामाथि भएको बारम्बारको उल्लङ्घनको जवाफी कारबाही हो । यस घटनाले दुई छिमेकी देशबीचको सुरक्षा तनाव अझ गहिरो पारेको बताइएको छ ।

अफगान राज्य सञ्चालित मिडियाले पनि एक दर्जनभन्दा बढी पाकिस्तानी सैनिक मारिएको उल्लेख गर्दै सीमावर्ती क्षेत्रमा ठूलो सङ्घर्ष भएको जनाएको छ । तर इस्लामाबादले भने घटनाबारे तत्काल कुनै पुष्टि गरेको छैन ।

तालिबान सरकारको रक्षा मन्त्रालयले आइतबार बिहान विज्ञप्ति जारी गर्दै आफ्नो सेनाले सीमामा 'जवाबी र सफल अपरेसन' सञ्चालन गरेको जानकारी दिएको छ । विज्ञप्तिमा भनिएको छ, 'यदि विपक्षी पक्षले पुनः अफगानिस्तानको क्षेत्रीय अखण्डता उल्लङ्घन गर्ने प्रयास गऱ्यो भने, हाम्रा सशस्त्र सेनाहरू सिमानाको रक्षा गर्न पूर्ण रूपमा तयार छन् र कडा जवाफ दिनेछन् ।'

राज्य सञ्चालित मिडिया आरटिएका अनुसार 'प्रतिशोधात्मक अपरेसन' अन्तर्गत अफगान सेनाले तीनवटा पाकिस्तानी सैन्य चौकीहरू कब्जा गरेको र दक्षिणी हेलमन्ड प्रान्तको सीमाक्षेत्रमा १५ जना पाकिस्तानी सैनिक मारिएका छन् ।

यस घटनापछि दुई देशबीचको प्रमुख व्यापारिक नाका तोरखाम आइतबार बिहान ८ बजे खुल्नुपर्ने समयमा पनि बन्द रहेको बताइएको छ ।

पाकिस्तानले अफगान सरकारमाथि प्रतिबन्धित समूह तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) का सदस्यहरूलाई आफ्नो भूमिमा शरण दिएको आरोप लगाउँदै आएको छ ।

पाकिस्तानको दाबी अनुसार सो समूहले पाकिस्तानी भूभागमा घातक आक्रमणहरू गर्दै आएको छ । तर काबुलले आफ्नो भूमि अन्य मुलुकविरुद्ध प्रयोग गर्न नदिने अडान लिँदै उक्त आरोप अस्वीकार गरेको छ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले शनिबार राति भएको आक्रमणको कडा निन्दा गर्दै आफ्नो देशको सेनाले 'अफगानिस्तानको उक्साहटको उचित जवाफ मात्र नदिई, उनीहरूको धेरै चौकीहरू पनि नष्ट गरी पछि हट्न बाध्य पारेको' दाबी गरे ।

पाकिस्तानका गृहमन्त्री मोहसिन नकवीले शनिबार रातिको गोलीबारीप्रति कडा आपत्ति जनाउँदै भनेका छन्, 'यस प्रकारको उक्साहटपूर्ण गतिविधिलाई भारतजस्तै उपयुक्त जवाफ दिइनेछ ।' उनले यस सन्दर्भमा यो वर्षको सुरुमा दुई आणविक-सशस्त्र प्रतिद्वन्द्वीहरूबीच युद्धको नजिक पुगेको सङ्कटलाई स्मरण गरेका थिए ।

कतारको विदेश मन्त्रालयले सीमा क्षेत्रमा बढ्दै गएको तनावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै यसले क्षेत्रीय सुरक्षा र स्थिरतामा नकारात्मक असर पार्ने चेतावनी दिएको छ । कतारले दुवै देशलाई 'संवाद, कूटनीति र संयम' अपनाउन आग्रह गरेको छ ।

एक वरिष्ठ पाकिस्तानी सुरक्षा अधिकारीले नाम नखुलाउने सर्तमा मिडियासँग कुरा गर्दै अफगान सेनाले चित्राल, बाजौर, मोहमण्ड, अङ्गुर अड्डा र कुर्रमसहित खैबर पख्तुनख्वा प्रान्तका उत्तरपश्चिमी सीमाक्षेत्रहरूमा गोली प्रहार गरेको जानकारी दिए । उनका अनुसार पाकिस्तानी सेनाले पनि खैबर जिल्लाको तिराह क्षेत्रमा र अफगानिस्तानको नङ्गरहार प्रान्ततर्फ भारी हतियार प्रयोग गरेर प्रत्युत्तर दिएको थियो ।

अर्का पाकिस्तानी अधिकारीले कुर्रम जिल्लाको टिरी गाउँमा अफगान पक्षबाट प्रक्षेपण गरिएको मोर्टार शेल खस्दा कम्तीमा एक व्यक्तिको मृत्यु भएको र अर्को व्यक्ति घाइते भएको बताए ।

दुवै देशले दुई हजार ६११ किलोमिटर (एक हजार ६२२ माइल) लामो डुरान्ड रेखा साझा गर्छन्, तर अफगानिस्तानले आजसम्म यस सीमालाई औपचारिक रूपमा मान्यता दिएको छैन । रासस

## फतुवा विजयपुर.....

स्थानीय तहअन्तर्गत रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूले लामो समयदेखि नियमित तलब नपाएको र पालिकाले पटक-पटक आश्वासन मात्र दिँदै समस्या समाधान नगरेको गुनासो गरेका छन् । ज्ञापनपत्रमार्फत शिक्षकहरूले यस्तो संवेदनशील समयमा पनि राज्यले आफूहरूलाई बेवास्ता गरेको आरोप लगाएका छन् । "हामी शिक्षकमात्र होइनौं, समाजको भविष्य निर्माण गर्ने आधार हौं । तर, हाम्रो जीवन यापन नै संकटमा परेको छ," एक शिक्षकले भने ।

ज्ञापनपत्र बुझाएपछि पत्रकारहरूसँग कुरा गर्दै शिक्षक सुबोध यादवले भने, "हामी शिक्षा प्रणालीलाई बन्द गर्न चाहँदैनौं । तर जब शिक्षक आफैं आर्थिक पीडामा छन् भने कक्षा कोठामा ध्यान केन्द्रित गर्न सक्दैनन् ।"

यदि असोज २८ गतेसम्म शिक्षकहरुको माग पूरा भएन भने शिक्षकहरूले असोज २९ गतेदेखि अनिश्चितकालीन विद्यालय बन्द गर्ने, प्रदर्शन तथा धर्ना कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ ।

यस प्रकारको आन्दोलनले हजारौं विद्यार्थीको पढाइमा असर पार्ने देखिएको छ ।

तसर्थ, सम्बन्धित निकायले समस्या समाधानका लागि तत्काल पहल गर्न आवश्यक छ । पर्वको बेलामा पनि तलब नपाउनु शिक्षकमाथिको अन्याय मात्र नभई शिक्षा प्रणालीमै प्रश्न उठाउने विषय हो ।

## चाडपर्वको.........

समुदायको परम्परागत पेशा भने आधुनिकीकरणको चपेटामा परेको छ । बढ्दो चुनौती: बजारमा प्लास्टिक, स्टील र अन्य धातुका भाँडाहरूको प्रयोग बढेका कारण दैनिक उपभोगमा माटाका भाँडाहरूको माग ह्वात्तै घटेको छ । पूजापाठ र चाडपर्वमा मात्र सीमित हुँदा वर्षभरि यो समुदायलाई जीविकोपार्जनमा समस्या हुने गरेको हो । मेहनत अनुसारको मूल्य नपाउनु: माटोका सामग्री बनाउन धेरै परिश्रम र समय लाग्छ । माटो ल्याउने, मुछ्ने, भाँडालाई आकार दिने, सुकाउने र पोल्ने सबै प्रक्रियामा ठूलो शारीरिक श्रम खर्च हुन्छ, तर उत्पादित सामग्रीले उचित मूल्य नपाएको कुम्हालहरूको गुनासो छ । यमुनामाई गाउँपालिका वडा नं ४ सरुअठाका का प्रताप पण्डित भन्छन्, "पहिले हाम्रो गुजाराको पेशा नै यही थियो, अब प्लास्टिकका भाँडाले बजार खाएपछि पेशा चाडपर्वमा खुम्चिएको हो । माटो र मेहनतअनुसारको आम्दानी हुँदैन ।"

पुस्ता हस्तान्तरणमा समस्या: नयाँ पुस्ताले पुर्ख्यौली पेशामा मेहनत अनुसारको प्रतिफल नदेखेपछि वैकल्पिक रोजगारीतर्फ आकर्षित हुन थालेका छन् । फलतः धेरै नेपाली कुम्हालहरूले पेशा छाड्दा बजारमा भारतीय माटाका भाँडाहरूको भर पर्नुपरेको अवस्थासमेत सिर्जना भएको हो ।

***पहिचान र संस्कृतिको जगेर्नाका लागि पहल आवश्यक***

नेपालको २०६८ को जनगणनाअनुसार, कुमाल जातिको जनसङ्ख्या १ लाख २१ हजार १ सय ९६ रहेको छ र यो समुदायलाई सीमान्तकृत जातिको रूपमा लिइन्छ । यिनीहरूको मुख्य पेशा माटाका भाँडा बनाउनु भए पनि, गरिबी र शिक्षाको कमीका कारण सामाजिक-आर्थिक रूपमा पछाडि परेका छन् ।

यस समुदायका एक युवा भन्छन्, "हामी यो पेशा पुस्तौंदेखि गर्दै आएका हौं । माटाको दियो र कलशको माग बढेपछि केही राहत महसुस भएको छ, तर यो राहत स्थायी हुनुपर्छ । हाम्रो पहिचान र संस्कृतिसँग जोडिएको यो पेशालाई जोगाइराख्न सरकार र सबै नागरिकको सहयोग आवश्यक छ ।"

कुम्हाल समुदायका अगुवाहरूले सरकारले यो पुर्ख्यौली सीपको संरक्षणका लागि विशिष्ट अवसर र संरक्षणका कार्यक्रमहरू ल्याउनुपर्ने माग गरेका छन् । उनीहरूका लागि आधुनिक प्रविधिमा पहुँच, सहुलियतमा कच्चा पदार्थ (माटो) को व्यवस्था, र माटोका सामग्रीहरूको प्रवर्द्धन गर्ने नीतिगत व्यवस्था भएमा यो पेशा र यससँग जोडिएको सांस्कृतिक परम्पराले निरन्तरता पाउने निश्चित छ। चाडपर्वको उज्यालोमा माटो, पानी र श्रम को मेलबाट कलात्मक रूपमा सिर्जित यी भाँडाहरू केवल व्यापारका वस्तु मात्र होइनन्, यी नेपालको सदियौँ पुरानो संस्कृति, श्रमको पहिचान र पौरखको प्रतीक हुन् । यी पर्वहरूमा कुम्हाल समुदायको पौरखलाई सम्मान गर्नु र उनीहरूको उत्पादनको प्रयोग गर्नु, सांस्कृतिक परम्पराको जगेर्नाका लागि एउटा महत्त्वपूर्ण कदम हुनेछ।

# पोखरियाका नगरप्रमुख चौहानले हैजा बिरूद्ध खोप लिएर गरे अभियानको सुरूवात



***राजन कुमार बानिया***
***पर्सा, २६ असोज***

पर्सा र बारा जिल्लामा फैलिएको हैजा रोगको माहामारीको रोकथाम र नियन्त्रण गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसख्या मन्त्रालयले हैजा रोगको माहामारी बिरुद्ध प्रतिकार्य खोप अभियान आईतबार देखि पर्साको पोखरिया नगरपालिकामा संचालन भएको छ ।

पोखरिया नगरप्रमुख प्रधुमन चौहानले पहिलो आफै औषधी खाएर सुरुवात गर्नु भएको थियो । नगरप्रमुख चौहानले भने नगरभित्रका १ वर्ष माथीका एक जना मानिसहरु हैजा रोग बिरुद्ध खोप लिन बाट बंचित नरहोस भन्दै जोड दिनु भएका छन । हैजा रोग बिरुद्ध को खोप वडा नं ४ वडाअध्यक्ष लक्ष्मण साह कानु ,प्रमुख प्रसाशकिय अधिकृत राम बिनय सिंह ले औषधी खानु भएको थियो । हैजा रोग बिरुद्ध खोप को पहिलो दिन पोखरिया नगरपालिका का १० वटैवडामा ४ हजार ८सय ७६ जना ले खोप थोपा खाएको पोखरिया नगरपालिकाका स्वास्थ्य शाखा सहायक शिव सिंह पटेलले जनाएका छन ।

# पूर्वसभामुख कृष्णबहादुर महरा 'भेप'मार्फत सुन तस्करीको आरोपमा पक्राउ

***काठमाडौं, २६ असोज***

विद्युतीय चुरोट (भेप) मार्फत सुन तस्करी गरेको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महरा पक्राउ परेका छन् । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले आइतबार विज्ञप्ति जारी गर्दै महरालाई काठमाडौंबाट पक्राउ गरिएको जानकारी दिएको छ ।

सीआईबीले महरा संलग्न रहेको भनिएको सुन तस्करी प्रकरणको अनुसन्धान गरिरहेको थियो । यो प्रकरणमा अनुसन्धान फाइल अघि बढ्न नसकेको भनी आलोचना हुँदै आएको थियो । यद्यपि, आइतबार उनलाई पक्राउ गरिएको हो ।


**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**



## जनहितमा जारी सूचना

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपपछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

**प्रसौनी गाउँपालिका**
प्रसौनी, बारा, मधेस प्रदेश, नेपाल



## जनहितमा जारी सूचना

**जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं**

- अनावश्यक उर्जाको खपत नगरौं,
- सुधारिएको चुल्हो, वायोग्याँस, सौर्य उर्जा जस्ता नविकरणीय
- उर्जाको प्रयोग गरौं,
- सकेसम्म विद्युतबाट चल्ने सवारी साधनको प्रयोग गरौं,
- वनजंगलको संरक्षण र बृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुन: प्रयोग र पुन: प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कमपोष्ट मल बनाऔं,
- आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र संवर्द्धन गरौं ।

**परवानीपुर गाउँपालिका**
परवानीपुर, बारा, मधेस प्रदेश, नेपाल


## खोप अभियान.....

स्वास्थय संस्था, बिधालय,कलेज तथा अन्य शिक्षण संस्था, सरकारी तथा गैर सरकारी संघ संस्थाका कार्यालय, नियमित खोप सेवा सञ्चालन गर्ने बाहय खोप केन्द्र , मन्दिर , मस्जिद, बस पार्क ,नेपाल भारत सिमानाका मुख्य नाका, उधोग ,कारखाना, ईटा भट्टा जस्ता अन्य स्थानहरुमा खोप केन्द्र राखिो उनले बताईन । आफुलाई पायक पर्ने स्थानको खोप केन्द्र बाट खोप लिन छुटेमा नजिकैको अर्को खोप केन्द्रमा गएर यो खोप लिनु पर्छ उनले बताईन । हैजा बिरुद्धको खोप खाईसकेपछि पनि हैजाको रोकथाम र नियन्त्रण गर्न शुद्ध पानी पिउने, स्वच्छ खाना खाने, शौचालयमा मात्र दिसा पिसाब गर्ने, साबुन पानीले राम्रो संग हात धुने जस्ता बानी व्यवहार अनिवार्य रुपमा अपनाउनु पर्ने उनले बताईन । हैजा भिब्रियो कोलेरी प्रजातीका जीवाणु बाट संक्रमण भएर मानिसमा लाग्ने अतिशिघ्र झाडा पखाला गराउने रोग रहेको उनले बताईन ।

हैजा लागेपछि कडा जलबियोजन भएर बिरामीको मृत्यु हुने सम्भावना धैरे हुन्छ । प्राय: हैजाको जिवाणु बाट संक्रमण भएको २४ घण्टा भित्र यो रोगका लक्षण तथा चिन्हहरु देखिन्छ । तर संक्रमण भएको पांच दिन सम्म पनि यो रोगको लक्षण तथा चिन्हहरु देखिन सक्छन । हैजा जिवाणु बाट संक्रमित व्यक्तिको दिसा बाट यो रोगका जीवाणुहरु वाताबरणमा वाताबरणमा फैलिन्छ र सो दिसा मिसिएको पानी ,खानेकुराको सेवन बाट अरु मानिसहरुमा यो रोग सर्दछ ।

हैजा रोग जुन सुकै उमेरका मानिसहरुलाई लाग्न सक्छ तर बालबालिकामा कडा किसिमका लक्षणहरु छिटै देखा परेर तिनीहरुको मृत्यु हुन सक्छ । हैजा लाग्यो भने चामल धोएको पानी जस्तै धेरै पातलो दिसा हुन्छ ,वाकवाकी लाग्छ ,वान्ता हुन्छ र कडा जल यिबोजन हुन्छ । हैजा भएका १०० जना ब्यक्तिहरु मध्ये २५ जनालाई कडा किसिमका लक्षणहरु देखिन्छन र समयमा नै उपचार नभएमा ती बिरामीहरुको केही घण्टामा मृत्यु समेत हुन सक्छ । कडा जलबियोजन भएमा आँखा गाडिनु, मुख ,जिब्रो र घांटी सुख्खा हुन, तिर्खा लाग्नु, थकाई लाग्नु ,आलस्य हुनु, छाला सुख्खा हुनु , पिसाबको रंग पहेलो हुनु, पिसाब कम हुनु वा पिसाब नै नहुनु, चिढिनु वा झर्किनु , रक्तचाप कम हुनु , मुटुको धडकन अनियन्त्रित हुनु कडा जलबियोजनको लक्षण हरु रहेको उनले बताईन ।

जिल्ला जन स्वास्थय कार्यालय बाराका प्रमुख रामनरेश यादवको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा सञ्चालन सरिता कुमारी यादवको रहेको थियो उक्त कार्यक्रममा जिल्लाका ३० जना सञ्चारकर्मी, बिश्व स्वास्थय संगठनका कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# लाखौं मूल्यका पटाका बरामद गरी पोखरीमा नष्ट

***बारा, २६ असोज***

सशस्त्र प्रहरी बलले बाराको आदर्शकोतवाल गाउँपालिका ३ भटिनियाँमा लाखौं रुपैयाँ बराबरको प्रतिबन्धित पटाका बरामद गरी नष्ट गरेको छ ।

सशस्त्र प्रहरी नायब निरीक्षक संजय यादवको नेतृत्वमा खटिएको गस्ती टोलीले भारतबाट अवैध रूपमा ल्याउँदै गरेको पटाका बरामद गरेको हो ।

ती पटाका तीनवटा भारतीय नम्बर प्लेट भएका मोटरसाइकलमा लुकाएर ल्याइएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरीका अनुसार बरामद पटाकाको मूल्य करिब दुई लाख पाँच हजार रुपैयाँ र मोटरसाइकलहरूको



मूल्य करिब तिन लाख रुपैयाँ रहेको सशस्त्र प्रहरी बल नम्बर १२ गणका गणपति तथा उपरीक्षक (एसपी) खुमबहादुर केसीले जानकारी दिए ।

उनका अनुसार बरामद गरिएका पटाका सशस्त्र प्रहरी बल नम्बर १२ गणको मुख्यालय परिसरभित्र रहेको पोखरीमा नष्ट गरिएको हो ।

# तिन दिन भित्र तलवभत्ता उपलब्ध नगराए अनिश्चितकालीन बन्द हडतालमा उत्रने फतुवा विजयपुरका शिक्षकहरूको चेतावनी

***कृष्ण तिवारी***
***रौतहट, २६ असोज***

तलवभत्ता पाउनुपर्ने माग गर्दै रौतहटको फतुवा विजयपुर नगरपालिकाका सामुदायिक विद्यालयहरुका शिक्षकहरुले आज नगरपालिका कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् ।

विजयादशमीमा समेत आफूहरुले तलव नपाएको र अब दीपावली तथा छठ पर्व आउन लागेको भएपनि फतुवा विजयपुर नगरपालिकाले अझै तलव निकासा गर्न कुनै छाँटकाँट नदेखाएको भन्दै नगरपालिका सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरुले आईतबार नगरपालिका कार्यालयमा ज्ञापनपत्र बुझाएका हुन् ।

तिहार पर्वको मुखमा समेत तलब र भत्ता नपाएको गुनासो गर्दै उनीहरुले छठ पर्व भित्रमा तलवभत्ता पाउनुपर्ने माग राख्दै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवलाई ज्ञापनपत्र बुझाएका छन् ।

उनीहरूले चाँडै तलब उपलब्ध नगराए अनिश्चितकालीन रूपमा विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

२०८२ साउनदेखि हालसम्म फतुवा विजयपुर नगरपालिका अन्तर्गत कार्यरत रहेका सामुदायिक विद्यालयका करिव तीन सय शिक्षक कर्मचारीहरुले तलवभत्ता पाउन सकेका छैनन् ।

बडादशैं जस्तो पर्वमा समेत तलवभत्ता पाउन नसकेको र अब दीपावली तथा छठ पर्व आउन लाग्दा पनि अझै तलव दिने कुनै छाँटकाँट नदेखिएकोले आफूहरु बाध्य भएर ज्ञापनपत्र बुझाएको प्रधानाध्यापक बुनिलाल



यादवले बताए ।

दशैंजस्तो पर्वमा समेत तलवभत्ता दिन नसक्दा आफूहरुलाई ठूलो आर्थिक समस्या उत्पन्न भएको उनले बताए । पर्सी असोज २८ गतेसम्म नगरपालिकाले आफूहरुको खातामा तलवभत्ता नपठाए असोज २९ गते बुधवारदेखि अनिश्चितकालीन नगरका सम्पूर्ण सामुदायिक विद्यालय बन्द गरी आन्दोलनमा उत्रने शिक्षकहरुले चेतावनी दिएको ज्ञापनपत्रमा उल्लेख छ ।

यसैबीच ज्ञापनपत्र बुझ्दै फतुवा विजयपुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवले शिक्षक कर्मचारीहरुले तलवभत्ता तुरुन्त उपलब्ध गराउन आफू हरसम्भव प्रयासरत रहेको बताएका छन् ।

नगरपालिकाको खाता नै नखुलेका कारण शिक्षक सहित नगरका अन्य कर्मचारीलाई अझै तलबभत्ता खुवाउन नसकिएको प्रशासकीय अधिकृत यादवले बताए ।

कार्यवाहक नगर प्रमुख अम्बेया खातुनले खाता संचालन गर्न अख्तियारी नदिँदा कोष तथा लेखा नियन्त्रण कार्यालय रौतहटले नगरपालिकाको अझै खाता खोल्न नसकेको उनले बताए ।

कार्यवाहक नगर प्रमुख खातुनले अख्तियारी दिन ढिलाइ गर्दा खाता संचालन नभएर शिक्षक कर्मचारीहरुको तलवभत्ता निकासा गर्न नसकिएको उनले बताए ।

कार्यवाहक मेयर खातुनले सम्भवत भोलि नै खाता संचालनका लागि अख्तियारी दिने उनले बताए । उहाँले अख्तियारी दिनेबित्तिकै खाता संचालन हुने र खाता संचालन हुनेबित्तिकै शिक्षक कर्मचारीहरुको तलवभत्ता तुरुन्त उपलब्ध गराउने उनले प्रतिबद्धता जनाए ।

बाँकी तेश्रो पृष्ठमा

# कटहरियामा विद्यार्थीलाई निःशुल्क प्राविधिक किताब वितरण

***राजकुमार यादव***
***रौतहट, २६ असोज***

कटहरिया नगरपालिका-५ स्थित श्री जनता माध्यमिक विद्यालयका कक्षा ९ र १० का विद्यार्थीलाई निःशुल्क प्राविधिक किताब वितरण गरिएको छ । नगरप्रमुख अजय प्रकाश जयसवालले शिक्षामा समान पहुँच र गुणस्तर सुधारका लागि गरेको प्रतिबद्धता अनुसार आइतबार विद्यालय परिसरमै किताब वितरण गरिएको हो । विद्यालयका कक्षा ९ र १० मा प्राविधिक तर्फ अध्ययनरत ९६ जना विद्यार्थीलाई वितरण गरिएको उक्त किताब नगरपालिकाको सहयोगमा उपलब्ध गराइएको हो ।

कक्षा ९ का ४८ जना विद्यार्थीलाई प्रति विद्यार्थी ४ वटा विषयका किताब हस्तान्तरण गरिएको छ भने, कक्षा १० का ४८ जना विद्यार्थीलाई रु.



१,२७६ मूल्य बराबरका ४ वटा विषयका अध्ययन सामग्री प्रदान गरिएको विद्यालयले जनाएको छ ।

नगरप्रमुख जयसवालले अवसरका अभावमा कसैले पढाइ रोक्न नपरोस् भन्ने उद्देश्यले आर्थिक सहयोगका रुपमा विद्यार्थीलाई किताब निःशुल्क वितरण गरिएको बताए ।

उनले भने, "शिक्षा नै विकासको मूल आधार हो, त्यसैले नगरका हरेक विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग गर्न हामी प्रतिबद्ध छौं ।"

यस कार्यक्रममा विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरूको सक्रिय उपस्थिति रहेको थियो ।

# चाडपर्वको उज्यालोमा कुम्हाल समुदायको पौरखः परम्परा जोगाउने 'माटो-श्रम-पहिचान' को कथा

***शु. आ. सम्बाददाता***
***रौतहट, २६ असोज***

नेपालीहरूको महान् पर्व दीपावली, तिहार र छठ नजिकिँदै गर्दा तराई-मधेश क्षेत्रका कुम्हाल (कुमाले/कुम्भकार) समुदायका बस्तीहरूमा यतिबेला माटोका भाँडाकुँडा बनाउने परम्परागत कामको चटारो सुरु भएको छ । वर्षभरि खासै काम नपाउने यो सीमान्तकृत समुदायका लागि यी दुई पर्व वर्षभरिको कमाइ र पुस्तौंदेखिको सीप जोगाउने महत्त्वपूर्ण अवसर बनेको हो ।

तराईका धनुषा, महोत्तरी, सिराहा, सुनसरी, रौतहटलगायतका जिल्लाहरूमा कुम्हाल समुदाय बिहानैदेखि साँझसम्म चर्को घाममा माटो मुछ्ने, पाङ्गा (चक्र) चलाउने, भाँडालाई आकार दिने र त्यसलाई पोलेर तयार पार्ने काममा व्यस्त छन् । माटो, पानी र श्रमको तालमेलबाट बनेका दियो, कलश र अन्य पूजा सामग्रीहरूले नै नेपालीहरूको सांस्कृतिक पर्वलाई पूर्णता दिने गर्छन् ।

***तिहार र छठः कुम्हाल समुदायको आशाको सिजन***

कुम्हाल समुदाय परम्परागत रूपमा माटाका भाँडा बनाउने पेशासँग जोडिएको छ । उनीहरूका हातबाट बनेका दियो, कलश, धूपदानी, घडा,



छ्याँची (दही जमाउने भाँडा), ढकना, ठेकुवा भाँडा र चुलोका सरसामान सदियौंदेखि नेपाली संस्कृति र संस्कारको अभिन्न अंग रहँदै आएका छन् ।

तिहारः उज्यालोको पर्व तिहारमा घर-घरमा बालिने माटाको दियो (पाला) ले विशेष धार्मिक महत्व राख्छ । यसलाई धनकी देवी लक्ष्मीको स्वागत र शुभताको प्रतीक मानिन्छ ।

छठः मिथिला क्षेत्रको महान् पर्व छठमा माटाका सामग्रीहरूको प्रयोग अनिवार्य मानिन्छ । छठको पूजामा माटोको कलश, दियो, सूप, ठेकुवा भाँडा, माटोको हात्ती तथा अरघका सामग्रीहरू बिना पूजा पूर्ण हुँदैन । नयाँ माटोका भाँडा प्रयोग गर्दा पूजा पवित्र हुने धार्मिक विश्वास छ ।

चाडपर्वका विधिहरूमा माटाको भाँडाको अनिवार्य प्रयोग भएका कारण यस समयमा बजारमा माटाका भाँडाको माग अत्यधिक हुन्छ । सिराहाका एक कुम्हाल युवा अर्जुन पण्डितका अनुसार, दसैं सकिएसँगै तिहार र छठका लागि भाँडा बनाउन उनीहरूको पूरै परिवार व्यस्त हुन्छ । "वर्षभरिमा सबैभन्दा बढी माटाका भाँडा यही समयमा बिक्छ," उनी भन्छन्, "यही एक महिनाको कमाइले नै वर्षभरिको खर्च जोहो गर्नुपर्छ ।" कतिपय कुम्हाल परिवारले यस सिजनमा खर्च कटाएर ५० हजारदेखि एक लाख रुपैयाँसम्म बचत गर्ने गरेको अनुभव सुनाउँछन् ।

***संकटमा परम्परागत पेशाः संघर्ष र चुनौती***

वर्षभरिको कमाइको मुख्य आधार यी चाडपर्वहरू बने पनि, कुम्हाल


बाँकी तेश्रो पृष्ठमा

# बाराका ६ वटा पालिकामा हैजाविरूद्ध खोप अभियान सम्बन्धि अन्तरक्रिया सम्पन्न

***बारा, २६ असोज***

बाराको ६ वटा पालिकाहरुमा हैजा रोगको महामारी बिरुद्ध प्रतिकार्य खोप अभियान सम्बन्धि अन्तरक्रिया कार्यक्रम आईतबार सम्पन्न भएको छ । जिल्ला जनस्वास्थय कार्यालय बाराले आईतवार कलैया स्थित करणराज पार्टी प्यालेसको सभा हलमा आयोजना गरेको हैजा रोगको महामारी बिरुद्ध प्रतिकार्य खोप अभियान २०८२ सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । खोप अभियान असोज २७ गते सोमबारदेखि कार्तिक २ गते आईतबारसम्म सञ्चालन गरिने जनाईएको छ । जिल्लाका ६ पालिकाका तीन लाख ६५ हजार ९३१ जनालाई लक्षित गरी खोप अभियान संचालन हुने जिल्ला जनस्वास्थय कार्यालय बाराका जनस्वास्थय अधिकृत कञ्चन नेपालीले जानकारी दिएकी छिन् ।

अधिकृत नेपालीको अनुसार ६ वटा पालिकाहरुमा जीतपुरसिमरा उपमहानगरपालिकाका एक लाख २७ हजार ९५६, कलैया उपमहानगरपालिकाका एक लाख ३६




हजार ४३२,फेटा गाउँपालिकाका २८ हजार ६३ , बिश्रामपुर गाउँपालिकाका २४ हजार ३५७, प्रसौनी गाउँपालिकाका २४ हजार ८२० र परवानीपुर गाउँपालिकाका २४ हजार ३०३ जनालाई खोप लगाईने उनले जानकारी दिईन ।

उनले नेपालमा उपलब्ध इयुभिकोल-एस नामक खोप लगाईने उनले बताईन । यो खोप बिश्व स्वास्थय संगठन बाट गुणस्तरयुक्त प्रमाणित भएको खोप रहेको हो । यो खोप नेपालको नियामक निकाय औषधी ब्यवस्था बिभागमा दर्ता भएको उनले जनाईन । खोप सुरक्षित एवम प्रभावकारी छ र एक बर्ष भन्दा माथिको उमेरका सबै ब्यक्तिहरुलाई दिने उनले बताईन । उनले ६ पालिकाका ७५ वटा वडामा यो अभियान सञ्चालन गर्न लागिएको उनले बताईन । खोप अभियानमा २१० जना खोप कार्यकर्ता, ३७९ जना महिला स्वास्थय स्वयम सेविका र ३७९ जना स्वयम सेवक परिचालन गरिने उनले जानकारी दिईन ।

यो अभियानमा नगरपालिका, गाउँपालिका र वडा कार्यालय, सरकारी गैर सरकारी अस्पताल तथा अन्य

बाँकी तेश्रो पृष्ठमा

# वीरगंज भन्सारद्वारा पेट्रोलियम पदार्थबाट मात्रै रू ११ अर्ब १८ करोड राजश्व सङ्कलन

***वीरगंज, २६ असोज***

वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको दुई महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट रु ११ अर्ब १८ करोड सङ्कलन गरेको छ ।

कार्यालयले चालु आवको दुई महिनामा रु २६ अर्ब ३३ करोड खर्चिएर पाँच थरिका पेट्रोलियम पदार्थ आयात गरेको हो । आयातबाट प्राप्त कुल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने २८ दशमलव ५६ प्रतिशत रहेको छ ।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीका अनुसार भन्सारको राजस्वमा पेट्रोलियम




पदार्थ र सवारीसाधनको योगदान निकै उच्च रहेको जानकारी दिए । यहाँको भन्सार आयातमा निर्भर रहेको छ । जसमा पनि पेट्रोलियम पदार्थ र सवारीसाधनको हिस्सा भने महत्त्वपूर्ण छ । यस्तै, यातायातका साधन र तिनका पार्टपुर्जा आयातबाट भने रु छ अर्ब १४ करोड अर्थात् १५ दशमलव ६८ प्रतिशत रहेको छ ।

त्यसैगरी, फलाम तथा फलामबाट बनेका सामानबाट भने रु दुई अर्ब ५४ करोड अर्थात् छ दशमलव ४९ प्रतिशत राजस्वको हिस्सा रहेको छ । सबै प्रकारका कपडाबाट रु एक अर्ब ९८ करोड अर्थात् पाँच दशमलव ०६ प्रतिशत हिस्सा ओगटेको छ । वीरगञ्ज भन्सार कार्यालयले चालु आवको दुई महिनामा रु ३९ अर्ब १५ करोड राजस्व सङ्कलन गरेको छ । समाचार रातो कागजबाट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा